जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.१५/५७

दर्ता मिति :– २०६९/११/१४

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.२८६७, मिति :– २०७२/०१/०७

| वादी | प्रतिवादी |
| --- | --- |
| प्रहरी प्रतिवेदनले **नेपाल सरकार**.........१ | प्रसाद लिम्वुको छोरा, जि. संखुवासभा, नुनढाकी गा.वि.स. वडा नं.३ घर भई का.जि.खड्गभद्रकाली-६ बस्ने वर्ष ४० को प्रविण भन्ने पृथीबहादुर लिम्वु........................................................ १ |
| निजको प्रमाण...×.... | निजको प्रमाण.....×....... |

यस कार्यालयबाट बुझेको

प्रमाण..×....

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

१.का.जि. खड्गभद्रकाली गा.वि.स. वडा नं. ६ हात्तिगौडा स्थित रामभक्त अधिकारीको घरमा प्रविण भन्ने पृथीबहादुर लिम्बुले भाडामा लिई बस्दै आएको कोठा भित्र प्रवेश गरी खानतलासी गर्दा कोठाको बक्स पलङ्गको घर्रा भित्रको विभिन्न झोला भित्र रहेको रातो पोलिथिन भित्र पिँधमा MFS 7.62 लेखिएको गोलीको खोका थान ४ फेला परेको हुँदा वरामद गरी निजलाई समेत पक्राउ गरी हातहतियार खरखजाना मुद्दामा अनुसन्धान गरी कारवाहीको लागि दाखिला गरेका छौ भन्ने समेत व्यहोराको मिति २०६९।९।१६ गतेको खानतलासी वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

२.जर्मनमा ३ वर्ष बसी नेपाल फर्कि आएकोमा काम केही नभएको हुँदा लागु औषध सेवन गर्ने, डाँका चोरी कार्य गर्दै आएकोमा गोलीको खोकाको वुट्टी बनाई लगाएमा राम्रो हुन्छ भन्ने थाहा पाई साथी हेमबहादुर मगरलाई *तिमीसंग गोलीको खोका भए देउ* भन्दा निजले *यो वस्तु अवैध हो, राम्रो संग राख्ने भए दिन्छु* भनेको हुँदा *म राम्रो संग राख्छु* भनी थान ४ गोलीको खोका लिएको हो, पछी प्रहरी आई मेरो कोठा खानतलासी गर्ने क्रममा उक्त गोलीको खोका वरामद भएको हो । अवैध हुँदा हुदै मैले उक्त गोलीको खोका राखेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी प्रविण भन्ने पृथीबहादुर लिम्बुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

३.जिल्ला सुनसरी धरान घर भई हाल का.जि. बौद्ध बस्ने गोरो वर्ण उचाई ५ फिट ३ उचाई, मोटो शरीर भएको हेमबहादुर मगरलाई खोजतलास गर्दा फेला नपरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

४. मिति २०६९।९।१६ गते रामभक्त अधिकारीको घरमा प्रहरी आएको देखी के भएको रहेछ भनी बुझ्दा उक्त घरमा डेरागरी बस्ने प्रविण भन्ने पृथीबहादुर लिम्बुको कोठामा वरामदी मुचुल्कामा उल्लेखित गोलीको खोका थान ४ क्लोनाजेपाम ट्याबलेट थान ९८ लगायतका विभिन्न नगद लगायतका सुनका गरगहना समेत प्रहरीले वरामद गरी लगेको हो भन्ने समेत व्यहोराको राम थापाले लेखाई दिएको कागज ।

५. प्रतिवादी प्रविण भन्ने पृथीबहादुर लिम्वुको डेरा कोठावाट वरामद भएको गोलीको खोका एस.एल.आर राईफलमा लाग्ने गोलीको खोका हो, कुनै हतियारमा हाली पड्कीएको छैन भन्ने समेत व्यहोराको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन ।

६.मिसिल संलग्न खानतलासी वरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवादीको वयान कागज, वुझिएका मानिसको घटना विवरण कागज समेतका मिसिल कागज प्रमाणहरुवाट निज प्रतिवादीले मिति २०६९।९।१६ गते का.जि.,खडकाभद्रकाली गा.वि.स.वडा नं.६ स्थित डेरा कोठामा अवैध रुपमा हतियारको गोलीको खोका खरिद गरी ल्याई उक्त स्थानमा राखेको अवस्थामा फेला परेको हुँदा निज प्रतिवादीले अवैध रुपमा हतियारको गोलीको खोका आफुसाथ राख्ने कार्य गरेको तथ्य स-प्रमाण पुष्टि हुन आएकाले निजलाई हातहतियार खरखजना ऐन २०१९ को दफा ३(२) विपरितको कसुरमा सोही ऐनको दफा २०(३)(क) बमोजिम सजांय गरी पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

७.मेरो कोठाबाट ४ थान गोलीको खोका फेलापारी वरामद भएको हो । मैले नराम्रो उद्धेश्यले खोका राखेको होइन । अंगुठी बनाई लगाउन भनी हेमबहादुरसँग लिएको हो । गोली नभएको खोकामात्र मैले लिएको हुँ । म कानूनको सम्मान गर्छु । कानून बमोजिम होस् भन्ने समेत व्यहोराको प्रतिवादी प्रविण भन्ने पृथीबहादुर लिम्वुले यस कार्यालयमा गरेको वयान ।

८.प्रतिवादी प्रविण भन्ने पृथीबहादुर लिम्वुले यस कार्यालयमा वयान गर्दा आफु विरुद्धको अभियोग स्वीकार गरी अभियोग-पत्रमा उल्लेखित खोका थान ४ आफुबाट वरामद भएको भनी वयान गरेको देखिदा पछि ठहरे बमोजिम हुने गरी हाललाई निज प्रतिवादी प्रविण भन्ने पृथीबहादुर लिम्वुलाई हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा २४ (क) बमोजिम पूर्पक्षको लागि थुनामा राखी कारवाही गर्नु भन्ने समेत व्यहोराको यस कार्यालयको मिति २०६९/११/२३ को आदेश बमोजिम निज प्रतिवादी थुनामा बसेका रहेछन् ।

९.वकपत्रका लागि यस कार्यालयबाट तोकिएको तारेखमा वादी प्रतिवादीका साक्षीहरु उपस्थित नभएको देखियो ।

## ठहर

१०.नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०६९।९।१९ गतेका दिन  काठमाण्डौं जिल्ला, खड्गभद्रकाली गा.वि.स. वडा नं. ६ हात्तिगौडा स्थित रामभक्त अधिकारीको घरमा डेरा गरी बस्ने प्रविण भन्ने पृथीबहादुर लिम्बुको कोठा खानतलासी गर्दा कोठाको बक्स पलङ्गको घर्रा भित्रको पोलिथिनको झोला भित्र  पिंधमा MFS 7.62 लेखिएको गोलीको खोका थान ४ फेला परेको खानतलासी वरामदी मुचुल्का र सो मुचुल्काको रोहवरमा यी प्रतिवादी प्रविण भन्ने पृथीबहादुर लिम्वुले सहिछप गरेको देखिदा निज प्रतिवादी प्रविण भन्ने पृथीबहादुर लिम्वुलाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२) बमोजिमको कसूर अपराधमा सोही ऐनको दफा २०(३)  बमोजिम सजाँय गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

१०.यसमा प्रतिवादी प्रविण भन्ने पृथीबहादुर लिम्वुले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

११.मिसिल संलग्न कागजातरु अध्ययन गरी अव निर्णय तर्फ विचार गर्दा मिति २०६९।९।१९ गतेका दिन काठमाण्डौं जिल्ला, खड्गभद्रकाली गा.वि.स. वडा नं. ६ हात्तिगौडा स्थित रामभक्त अधिकारीको घरमा डेरा गरी बसेका यी प्रतिवादी प्रविण भन्ने पृथीबहादुर लिम्बुको कोठा तलासी गर्दा कोठाको बक्स पलङ्गको घर्रा भित्रको पोलिथिनको झोला भित्र लुकाई राखेको MFS 7.62 लेखिएको गोलीको खोका थान ४ फेला परेको खानतलासी वरामदी मुचुल्का र मुचुल्काको रोहवरमा यी प्रतिवादीले सहिछाप गरेको देखिन्छ ।

१२.अनुसन्धानका क्रममा वैदेशिक रोजगारका लागि ३ वर्ष जर्मन बसी फर्कि नेपाल आएकोमा काम केही नभएकोले लागु औषध सेवन गर्ने, डाँका चोरी गर्दै आएकोमा गोलीको खोकाको बुट्टी वनाएर लाउदा राम्रो हुन्छ भन्ने थाहा पाई साथी हेमबहादुर मगरसँग, तिमिसँग गोलीको खोका भए देउ भन्दा निजले यो अवैध वस्तु हो राम्रोसँग राख्ने भए दिन्छु भनेकाले राम्रोसँग राख्छु भनी ४ (चार ) राउण्ड गोलीको खोका लिएको हो । प्रहरी आई मेरो डेरा कोठामा खानतलासी गर्ने क्रममा उक्त गोलीको खोका वरामद भएको हो भनी अधिकार प्राप्त अधिकारी समक्ष वयान गरी यस कार्यालयमा गरेको वयानमा आफ्नो डेरा कोठाबाट ४ थान गोलीको खोका फेला पारी वरामद भएको, आफुसँग हातहतियार खरखजाना राख्ने इजाजत नभएको, आफुले नराम्रो मनसायले खोका नराखी अंगुठी वनाई लगाउन हेमबहादुर मगरसँग लिएकोले कानून बमोजिम हुने सजाय होस् भनी तथ्यमा सावित वयान गरेका रहेछन् । वरामद चिज वस्तु राइफलको जीवित गोली भएको भन्ने परीक्षण प्रतिवेदन रहेबाट उक्त चिज खरखजाना भएको र निजसँग हातहतियार खरखजाना राख्ने इजाजत नभएको तथ्यमा कुनै विवाद रहेन ।

१३.माथि विवेचित तथ्यहरुका आधारमा प्रतिवादीको डेराकोठाबाट उल्लेखित गोलीको खोका वरामद भएको खानतलासी वरामदी मुचुल्का, गोली परीक्षण प्रतिवेदन, प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष र यस कार्यालयमा गरेको साविती वयान समेतका आधारमा प्रतिवादी प्रविण भन्ने पृथीबहादुर लिम्वुले अवैध रुपमा खरखजाना  ओसार पसार, खरिद विक्री गर्ने, खरखजाना आफुसँग राख्ने कार्य गरी हातहतियार खरखजना ऐन, २०१९को दफा ३(२) बमोजिमको कसूर अपराध गरेको ठहर्छ । सो ठहर्नाले सजाँय तर्फ बिचार गर्दा निजले आफुलाई ललितपुर जिल्ला अदालतबाट डाँका चोरी मुद्दामा १२ वर्ष कैद सजाँय भएको भनी इजलाश समक्ष छलफलको क्रममा उल्लेख गरी कागजसमेत गरेकाले निजको अन्य आपराधिक पृष्ठभूमीलाई समेत ध्यानमा राखी निजलाई सोही ऐनको दफा २०(३) बमोजिम

२ ( दुई ) वर्ष कैद हुन्छ । वरामद पेस्तोलका गोलीहरु ऐ दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएँ ।

## तपसिल

प्रतिवादी प्रविण भन्ने पृथीबहादुर लिम्वु के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजलाई २(दुई) वर्ष कैद सजाय हुने ठहरेकोमा निज पक्राउ परेको मिति २०६९।०९।१७ मा पक्राउमा परी हालसम्म थुनामा बसेको देखिदा निजलाई ठहरेको कैद भुक्तान भइ सकेकाले निज अन्य मुद्दा वा कारणबाट थुना वा कैदमा बस्नु नपर्ने भएमा यस मुद्दाका हकमा आजै थुनामुक्त गरी जानकारी दिन कारागार कार्यालय नख्खु, ललितपुरमा लेखी पठाउनू.......................................................................................१

प्रस्तुत फैसला उपर चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटन ललितपुरमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी प्रविण भन्ने पृथीबहादुर लिम्वुलाई पुनरावेदन म्याद दिनु ............२

वरामद गोलीहरु थान-४ जफत हुने ठहरेकाले आम्दानी बाँधी यस कार्यालयलाईजानकारी दिन सम्बन्धित प्रहरी वृत्तमा लेखी पठाउनु.......................................................................................३

जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू ..........................४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू.........५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ...............................................................६

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा / ना.सु.भुवराज घिमिरे

...................................
( एकनारायण अर्याल )
प्रमख जिल्ला अधिकारी

प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

इति सम्बत् २०७२ साल बैशाख ०७ गते रोज २ शुभम् .......................